Email:mosdkailali07@gmail.com
Website: mosd.sudurpashchim.gov.np
०९१-५२४५६३ (प्रशासन)
०९१-५२७१०६ (उच्च शिक्षा)
०९१-५२६०५८ (कानून शाखा)

सुदूरपश्चिम प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

कैलाली, नेपाल

प.स. २०८२।८३
च. नं. ३८१

मितिः २०८२/०६/२७

श्री उप-महानगरपालिका/नगरपालिका/गाउँपालिका (सबै)
सुदूरपश्चिम प्रदेश।

**विषय : जानकारी तथा सूचना सम्प्रेषण सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा इन्स्योर परियोजना दोस्रो चरण अन्तर्गत सामाजिक विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश मार्फत कार्यान्वयन भएको २४ महिने, औद्योगिक प्रशिक्षार्थी तालिम (Apprenticeship) कार्यक्रम अन्तर्गत यस आर्थिक वर्ष २०८२/०८३ को लागि विभिन्न विषयमा १५० जनाको लागि मिति २०८२/६/२४ गतेको प्रकाशित सूचना अनुसार औद्योगिक प्रशिक्षार्थी तालिम (Apprenticeship) कार्यक्रममा निःशुल्क प्रशिक्षणका लागि तपसिलका विद्यालय/शिक्षालयहरुमा आवेदन फाराम बुझाउन इच्छुक युवाहरुसम्म सूचना सम्प्रेषण गरी सहयोग गरी दिनहुन अनुरोध छ।

१. अप्रेन्टिशिप कार्यक्रम तपसिलका शिक्षालय/विद्यालयहरूमा संचालन हुनेछः

| क.स. | शिक्षालयको नाम | शिक्षालय को ठेगाना | जिल्ला | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर | प्रस्तावित विषय | स्वीकृत कोटा |
|---|---|---|---|---|---|---|---|
| १ | धनगढी बहुप्राविधिक शिक्षालय | धनगढी-६, जाई | कैलाली | हेमराज जोशी | ९८४८४५५४७५ | होटल व्यवस्थापन | ३० |
| २ | धनगढी बहुप्राविधिक शिक्षालय | धनगढी-६, जाई | कैलाली | अरुण पछलदंग्या | ९८६०२२१४६१ | अटोमोबाइल इन्जिनियरिंग | २० |
| ३ | महेन्द्रनगर माध्यमिक विद्यालय | भीमदत्त-१८, कटान | कंचनपुर | वासुदेव भट्ट | ९८४१६७०६२७ | बिल्डिङ्ग कन्स्ट्रक्सन | २० |
| ४ | भृकुटी माध्यमिक विद्यालय | भीमदत्त-४ | कंचनपुर | विशेष शाह | ९८६८७४८७५३ | इलेक्ट्रिकल इन्जिनियरिंग | २० |
| ५ | पंचोदय माध्यमिक विद्यालय | धनगढी-५ | कैलाली | शमशाद आलम | ९८४८४२५२४५ | इलेक्ट्रिकल इन्जिनियरिंग | २० |
| ६ | सरस्वती माध्यमिक विद्यालय | धनगढी-७ | कैलाली | अम्बिका अधिकारी | ९८४८४२१५६७ | बाल विकास सहजकर्ता | २० |
| ७ | शारदा माध्यमिक विद्यालय | धनगढी-२ | कैलाली | निसा भट्ट | ९८६९६५६३५९ | सूचना प्रविधि | २० |

क्रमशः....

Email:mosdkailali07@gmail.com
Website: mosd.sudurpashchim.gov.np
०९१-५२४५६३ (प्रशासन)
०९१-५२७१०६ (उच्च शिक्षा)
०९१-५२६०५८ (कानून शाखा)

सुदूरपश्चिम प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
कैलाली, नेपाल

२. आवश्यक योग्यताः

क. एस.ई.ई.वा सो सरहको परीक्षा उत्तीर्ण गरेको वा सो परीक्षाका सम्पुर्ण बिषयको परीक्षामा सहभागि भएको हुनुपर्नेछ।

ख. तालिम लिन ईच्छुक व्यक्ति सम्बन्धित तालिम/प्रशिक्षणको लागि मानसिक र शारीरिक रुपमा सक्षम हुनु पर्नेछ।

ग. कम्तिमा १६ वर्ष पुरा भएको नेपाली नागरिक हुनुपर्नेछ।

घ. दलित, जनजाति, अपाङ्ग, मुस्लिम, मधेशी, दुर्गम क्षेत्र तथा विपन्नको हकमा सम्बन्धित स्थानीय निकायको सिफारिस पत्र हुनुपर्नेछ।

**३. औद्योगिक प्रशिक्षार्थी (Apprentice) ले पाउने सुविधाः**

(क) निःशुल्क अध्ययनको अवसर।

(ख) यातायात खर्च बापत प्रति हाजिरी दिन रू. १००।– का दरले उपलब्ध हुने।

**४. आवेदन फाराम साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**

क) स्पष्ट मुखाकृति देखिने हालसालै खिचिएको पासपोर्ट साइज (३५mmx४५mm) को २ प्रति फोटो।

ख) एस.ई.ई.वा सो सरहको परीक्षा उत्तीर्ण गरेको वा सो परीक्षाका सम्पूर्ण विषयको परीक्षामा सहभागी भएको लब्धांकपत्र/प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।

ग) नेपाली नागरिकता वा जन्मदर्ताको प्रमाणित प्रतिलिपी।

**५. छनौट प्रक्रिया सम्बन्धी कार्यक्रमः**

क. आवेदन फाराम खुल्ने मितिः २०८२ असोज २६ गते देखि।

ख. आवेदन फाराम बुझाउने अन्तिम मितिः २०८२ कात्तिक २८ गतेसम्म।

ग. अन्तरर्वार्ता हुने मिति र समयः २०८२ मंसिर १ गते सोमबार बिहान ९:०० बजे देखि

घ. अन्तरर्वार्ता संचालन हुने केन्द्रहरूः सम्बन्धित शिक्षण संस्था

२०८२/०६/२५

लोकेन्द्र प्रसाद भट्ट
वरिष्ठ शिक्षा अधिकृत

बोधार्थः

परियोजना सहयोग इकाई, इन्स्योर परियोजना, सुदूरपश्चिम प्रदेश।
प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, सुदूरपश्चिम प्रदेश, धनगढी।

**पुनश्च : थप जानकारीको लागि सम्पर्क व्यक्ति : विकास घजु (मो.नं. ९८४१५१४८२२)**